म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक २८२ शुक्रबार, १५ जेठ २०८३ ने. सं. ११४६ अनलाथ्व 29 May 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**सामाजिक र सांस्कृतिक सद्भाव कायम राखौं**

- सबै जात/जाति, भाषा/भाषी, धर्म र संस्कृतिको सम्मान गरौं,
- आपसी समझदारी, सहिष्णुता र भाईचारा बढाऔं,
- घृणा, विभेद र हिंसाजन्य व्यवहार त्यागौं,
- पर्व-उत्सवहरू मिलेर मनाऔं,
- अफवाह र भ्रामक सूचनाबाट सचेत बनौं,
- संवाद र सहकार्यबाट विवाद समाधान गरौं,
- शान्तिपूर्ण र समावेशी समाज निर्माणमा योगदान दिऔं ।

*विविधतामा एकता भन्ने भावना विकास गरौं ।*

नेपाल सरकार
विज्ञापन बोर्ड

# दुई तिहाईनजिक सरकारको पहिलो बजेट आज सार्वजनिक हुँदै

## रास्वपाको वाचापत्रलाई टेकेर बजेट ल्याइँदै

साझाकुरा संवाददाता

हेटौँडा, १४ जेठ/दुई तिहाइनजिक जनमतसहित गठित सरकारले पहिलोपटक आज शुक्रबार आगामी आर्थिक वर्ष २०८३/८४ का लागि बजेट सार्वजनिक गर्दैछ ।

रास्वपाको वाचापत्रलाई टेकेर धमाधम बजेट लेखनको कामलाई अघि बढाएका अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले जेठ १५ गते बजेट ल्याउनुपर्ने संवैधानिक व्यवस्था अनुसार आज बजेट सार्वजनिक गर्न लागेका हुन् ।

प्रतिनिधिसभाको बुधबारको बैठकमा सभामुख डोलप्रसाद अर्यालले जेठ १५ गते ४ बजे बस्ने संयुक्त बैठकका लागि ३:४५ बजे नै प्रतिनिधि सभा र राष्ट्रिय सभाका सांसद्लाई उपस्थित भइसक्न सूचित गरिसकेका छन् । नेपालको संविधान जारी भएपछि संविधानमै व्यवस्था गरेर प्रत्येक वर्ष जेठ १५ गते दुबै सदनको संयुक्त बैठकमा बजेट प्रस्तुत गर्ने मिति तोकिएको छ । गणतन्त्र दिवसको अवसर पारेर जेठ १५ गते बजेट प्रस्तुत गर्ने व्यवस्था गरिएको हो ।

चालु आर्थिक वर्षका लागि १९ खर्ब ६४ अर्ब रुपैयाँको बजेट ल्याइएको थियो । यसपटक भने केही महत्वाकांक्षी कार्यक्रम राखेर अर्थमन्त्री वाग्लेले चालु बजेट भन्दा २-३ खर्ब बढिको बजेट ल्याउन लाग्नुभएको हो । बजेट निर्माणमा संलग्न अधिकारीहरुले दिएको जानकारी अनुसार बजेटमा खासगरी सुशासन, आर्थिक सुधार, रोजगारी, शिक्षा, स्वास्थ्य, प्रविधि र राज्य संरचना सुधारलाई मुख्य प्राथमिकतामा राखिँदैछ । रास्वपाले आगामी १० वर्षभित्र नेपाललाई मध्यम आय भएको मुलुक बनाउने लक्ष्यसहित वार्षिक ७ प्रतिशत आर्थिक बृद्धि हासिल गर्ने, ७ वर्षभित्र नेपालको अर्थतन्त्रलाई १०० अर्ब अमेरिकी डलर बराबरको बनाउने तथा ३० अर्ब डलर बराबरको आईटी सेवा निर्यात गर्ने लक्ष्य वाचा गरिसकेकाले सोही वाचालाई पूरा गर्ने हिसाबले बजेटमा कार्यक्रम राखिँदैछ ।

बजेटमा स्रोतको चर्को चापका कारण यसवर्ष सामाजिक सुरक्षा भत्ता बढाउने तयारीमा सरकारी अधिकारीहरुले गृहकार्य गरेका छैनन् भने लामो समयदेखि बढ्न नसेकेको निजामती कर्मचारीको पारिश्रमिक बढाउने अन्तिम गृहकार्य अर्थ मन्त्रालयले गरेको छ ।

अर्थमन्त्री वाग्लेले ल्याउन लागेको बजेटमा राज्य संयन्त्रको दलीयकरण अन्त्य गर्ने, सबै सरकारी सेवा 'लाइन होइन, अनलाइन' प्रणालीमार्फत् उपलब्ध गराउनेजस्ता विषयहरु समेटिँदैछ भने भ्रष्टाचार नियन्त्रणका लागि २०४६ सालयताका सम्पत्ति छानबिन गर्न बनेको उच्चस्तरीय आयोगलाई बजेटमार्फत् ठूलो स्रोत उपलब्ध गराउनेसमेत तयारी गरिएको छ ।

त्यस्तै, रास्वपा सरकारले ल्याउन लागेको पहिलो बजेटले स्वास्थ्य बीमालाई प्रभावकारी बनाउने, शिक्षा प्रणालीलाई व्यावहारिक र रोजगारमुखी बनाउने तथा निजी क्षेत्रसँग सहकार्य गरेर लगानी र रोजगारी बिस्तार गर्ने योजनालाई प्राथमिकतामा राखने देखिएको छ भने कृषि, पर्यटन, ऊर्जा र सूचना प्रविधिलाई आर्थिक रूपान्तरणका प्रमुख आधारका रूपमा प्रस्तुत गर्ने बजेट लेखनमा



सहभागी अधिकारीहरुले बताएका छन् । रास्वपाको वाचापत्रमा न्याय प्रणाली सुधार, मेरिटोक्रेसीको अभ्यास, सार्वजनिक निकायमा पारदर्शिता र जवाफदेहितालाई विशेष जोड दिइसकेकाले त्यसैको परिधिमै रहेर बजेट आउने सम्बद्ध अधिकारीहरुको भनाइ छ ।

अर्थमन्त्री स्वर्णिम वाग्लेले संघीय संसद्मा चालू आर्थिक वर्ष २०८२/८३ को आर्थिक सर्वेक्षण प्रस्तुत गरेका छन् । अर्थमन्त्री वाग्लेले विश्व अर्थतन्त्रमा देखिएको अनिश्चितता र क्षेत्रीय द्वन्द्वका बाबजुद नेपालको समष्टिगत आर्थिक सूचकहरूमा सुधार देखिएको र सामाजिक क्षेत्रमा सन्तोषजनक प्रगति भएको बताए ।

उनले प्रस्तुत गरेको आर्थिक सर्वेक्षणअनुसार चालु आर्थिक वर्षमा नेपालको अर्थतन्त्र ३.८५ प्रतिशतले बिस्तार हुने अनुमान गरिएको छ । विश्व अर्थतन्त्र ३.१ प्रतिशतमा खुम्चने प्रक्षेपण भइरहेका बेला नेपालको यो बृद्धि दरलाई सकारात्मक मानिएको छ । मुलुकको अर्थतन्त्रको कूल आकार ६६ खर्ब पुग्ने र नेपालीको प्रतिव्यक्ति कूल राष्ट्रिय आय एक हजार पाँचसय ३५ अमेरिकी डलर पुग्ने प्रक्षेपण गरिएको छ । प्रदेशगत रूपमा वागमती र गण्डकी प्रदेशको बृद्धिदर राष्ट्रिय औषतभन्दा माथि रहेपनि अन्य प्रदेशको बृद्धिदर भने औसत भन्दा न्यून रहने देखिएको छ ।

अर्थमन्त्रीले संसद्मा पेश गरेको सर्वेक्षणअनुसार कूल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान २४ प्रतिशत र गैरकृषि क्षेत्रको ७६ प्रतिशत रहने अनुमान छ । आर्थिक गतिविधिमा वागमती प्रदेशको दबदबा कायम छ, जसले कूल गार्हस्थ्य उत्पादनमा ३६.७ प्रतिशत योगदान पुऱ्याएको छ । यद्यपि, प्रमुख खाद्यान्न बाली धानको उत्पादनमा भने ४.२० प्रतिशतले संकुचन आई ५७ लाख पाँच हजार मेट्रिक टनमा सीमित भएको सर्वेक्षणले देखाएको छ ।

अर्थमन्त्री वाग्लेले चालु आर्थिक वर्षको फागुनसम्ममा संघीय राजश्व ३.२ प्रतिशतले बृद्धि भएको जानकारी दिए । उनका अनुसार सरकारी खर्च १०.४ प्रतिशतले बढेपनि पूँजीगत खर्च (विकास खर्च) मा भने उल्लेख्य सुधार हुन सकेको छैन । सरकारको कूल सार्वजनिक ऋण २८ खर्ब ७८ अर्ब पुगेको छ, जुन कूल गार्हस्थ्य उत्पादनको ४३.६ प्रतिशत हो । यसैवर्ष सरकारले ३ खर्ब सार्वजनिक ऋण परिचालन गरेको छ ।

वाग्लेले सर्वेक्षण पेश गर्दै देशको बाह्य क्षेत्र निकै बलियो देखिएको बताउनुभएको छ । उहाँका अनुसार विप्रेषण आप्रवाह (रेमिट्यान्स) ३७.७ प्रतिशतले बढेर १४ खर्ब ५० अर्ब पुगेको छ । विदेशी विनिमय सञ्चिति ३४ खर्ब १४ अर्ब पुग्दै ऐतिहासिक उचाइमा पुगेको छ, जसले १८.५ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त छ । यद्यपि, व्यापार घाटा ११.२ प्रतिशतले बढेर १० खर्ब ९८ अर्ब पुग्नु अर्थतन्त्रको लागि चुनौती बनेको छ ।

आर्थिक सर्वेक्षण अनुसार प्रविधिमैत्री भुक्तानिमा उल्लेख्य प्रगति भएको छ । फागुन महिनासम्म क्यूआर कोडमार्फत् हुने कारोबार १ खर्ब २५ अर्ब नाघेको छ । मुद्रास्फीति (महँगी) भने नियन्त्रणमै रहेको छ, जुन औसत २.१३ प्रतिशत छ ।

मानव विकासका सूचकहरूमा नेपालले प्रगति गरेको छ । मानव विकास सूचकांक ०.६२२ र नेपालीको औसत आयु ७१.३ वर्ष पुगेको छ । स्वास्थ्य क्षेत्रमा मातृ मृत्युदर प्रति लाख १५१ र ५ वर्षमुनिका बाल मृत्युदर प्रतिहजार ३३ मा झरेको छ । शिक्षातर्फ आधारभूत तहको खुद भर्ना दर ९७.८ प्रतिशत पुगेको छ भने स्वास्थ्य बीमा र सामाजिक सुरक्षा कोषमा नागरिकको आबद्धता बढ्दो क्रममा रहेको आर्थिक सर्वेक्षणमा उल्लेख गरिएको छ ।




# आगूऔषध सेवन र विषादिले क्यान्सर बढ्दो

साझाकुरा संवाददाता

हेटौंडा, १४ जेठ/नेपालमा लागूऔषध दुर्व्यसनी र दैनिक उपभोग्य तरकारीमा प्रयोग भएको हानिकारक विषादिका कारण क्यान्सर रोगीहरुको संख्या बढ्दै गएको बताइएको छ ।

नेपाल अर्बुद रोग (क्यान्सर) निवारण संस्था जिल्ला शाखा मकवानपुरका अध्यक्ष माधव अधिकारीले नेपालमा १५ प्रतिशतमा रहेको क्यान्सर रोगीको संख्या पछिल्लो समय ३० प्रतिशत हाराहारी पुग्न लागेकोमा चिन्ता व्यक्त गरे ।

'लागूऔषध दुर्व्यसनी बढ्दै जानु र मानिसले दैनिक प्रयोग गर्ने तरकारीमा प्रयोग भएको हानिकारक विषादि मुख्य कारण देनिएको छ', अध्यक्ष अधिकारीले हाम्रो दैनिक खानपानमा सुधार नगरे निकट भविष्यमा प्रत्येक घरमा क्यान्सर रोगी हुने सम्भावना रहेको बताए ।

हेटौंडा उपमहानगर पालिकाको आर्थिक सहयोगमा संस्थाले विहीबार हेटौंडा-१ स्थित अमर माध्यमिक विद्यालयमा आयोजना गरेको कार्यक्रममा सहभागी विद्यार्थी र अभिभावकलाई संयुक्तरुपमा प्रशिक्षण दिँदै हेटौंडा उपमहानगर पालिका कृषि विकास शाखाका गणेश खड्काले तरकारीमा प्रयोग भएको विषादिका कारण दीर्घरोग बढ्दै गएको बताए । उनले मधुमेह (सुगर), उच्च रक्तचाप, मानसिकरुपमा समेत समस्याहरु सिर्जना हुने गरेको बताए । यसबाट बच्न तरकारीलाई पखाल्ने, पुछेर सुकाउने, बोक्रा ताछ्ने, उमाल्ने, प्रेसर कुकरमा (स्टिमिङ) गर्ने जस्तो कार्य राम्ररी गर्न सके विषादिको असर न्यूनीकरण गर्न सकिने उनले बताए ।

यस्तै, स्रोतव्यक्ति जय प्रकाश घिमिरेले लागूऔषधमा रक्सीजन्य, सुर्तीजन्य, क्यान्विस (गाँजा, चरेस, भाङ), कोडिन, शान्त मनस्थिति (लठ्याउने/निन्द्राजन्य), हेरोइन (ब्राउन सुगर, डेन्ड्राइट) जस्ता पदार्थहरु रहेको बताए । उनले यसको प्रयोगबाट व्यक्तिको परिवारिक, सामाजिक, आर्थिक बर्बादीसंगै सिंगो देश नै विकराल समस्याको भूमरिमा पर्ने जानकारी दिए ।

कार्यक्रमका प्रमुख अतिथि हेटौंडा उपमहानगरपालिका वडा नं. १ का अध्यक्ष सविन न्यौपानेले लागूऔषध दुर्व्यसनबाट हुने असर र तरकारीमा प्रयोग हुने विषादिको बारेमा अहिले धेरै व्यक्तिहरु जानाकार भएपनि व्यवहारमा त्यसलाई न्यूनीकरण गर्न नखोज्ने गरेको बताए । उनले क्यान्सर जस्तो रोगबाट आफू र आफ्ना परिवार जोगाउन तत्कालै रोगथामका उपायहरुमा ध्यान दिनुपर्ने बताए ।

कार्यक्रममा विद्यालयकी अध्यक्ष जानकी गिरी, प्रधानाध्यापक मालती उप्रेती, संस्थाका कोषाध्यक्ष लक्ष्मण महतलगायतले कार्यक्रमको बारेमा प्रकाश पारेका थिए । संस्थाले हेटौंडा उपमहानगरका पाँच वटा विद्यालयमा यसकिसिमको सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने अध्यक्ष अधिकारीले जानकारी दिएका छन् ।

# चोरी गर्ने २ जना पक्राउ

साझाकुरा संवाददाता

हेटौँडा, १४ जेठ/मकवानपुर प्रहरीले चोरीमा संलग्न रहेको आरोपमा दुई जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा मकवानपुर गढी गाउँपालिका-८ बुढीचौर घर भई हाल हेटौँडा-७, कमानेमा डेरा गरी बस्दै आएका २३ वर्षीय चुडामणि खड्का र २१ वर्षीय टेकबहादुर खड्का रहेका छन् । उनीहरूको साथबाट दुई थान सुनका चुरा, एक थान औँठी, कानमा लगाउने दुई थान झुम्का, एक थान बोल्टकटर, चार थान घडी, सुन राख्ने एक थान डब्बा तथा नगद चार हजार ११५ रुपियाँ बरामद गरिएको छ ।

वडा प्रहरी कार्यालय हेटौँडाबाट खटिएको प्रहरी टोलीले हेटौँडा-५ सानोपोखरा चोक क्षेत्रमा शङ्कास्पद रूपमा हिँडिरहेको अवस्थामा उनीहरूलाई खानतलासी गर्दा उक्त सामग्री बरामद गरेको प्रहरीले जनाएको छ । पक्राउ परेका दुवै जनाविरुद्ध चोरी तथा डाँकासम्बन्धी कसुरमा मकवानपुर जिल्ला अदालत हेटौँडाबाट म्याद अनुमति लिइ थप अनुसन्धान अघि बढाइएको छ ।



साझाकुरा

## हाम्रो कुरा

# कुलेखानीको मत्स्य सफलता

मकवानपुरको कुलेखानीस्थित इन्द्रसरोवर ताल केवल जलाशय वा पर्यटकीय आकर्षण मात्र होइन, यो नेपालको मत्स्य विकास, स्थानीय रोजगारी र जलीय जैविक विविधता संरक्षणको महत्वपूर्ण आधार बन्दै गएको छ । मत्स्य विकास केन्द्र कुलेखानीले चालु आर्थिक वर्षको दश महिनामा डेढ मेट्रिकटनभन्दा बढी माछा बिक्री गरी तीन लाख ७८ हजार रुपैयाँभन्दा बढी राजस्व संकलन गर्नु सामान्य उपलब्धि होइन । सीमित स्रोत र चुनौतीका बीच प्राप्त यो सफलता ग्रामीण अर्थतन्त्र र स्थानीय उत्पादन प्रवर्द्धनको सकारात्मक संकेत हो । नेपालमा अझै पनि ठूलो परिमाणमा माछा आयात भइरहेको अवस्था छ । यस्तो अवस्थामा स्थानीयस्तरमै उत्पादन बढ्दै जानु आत्मनिर्भरता तर्फको महत्वपूर्ण पाइला हो । कुलेखानीजस्ता जलाशयको सदुपयोग गरेर माछा उत्पादन विस्तार गर्न सके देशको आयात निर्भरता घटाउन सकिन्छ । यसले स्थानीय बजारलाई ताजा तथा गुणस्तरीय माछा उपलब्ध गराउनुका साथै किसान र समुदायको आयआर्जनमा समेत प्रत्यक्ष योगदान पुऱ्याउँछ ।

कुलेखानीमा तिहारी जाल र केज प्रणालीमार्फत् माछा पालन गरिनु आधुनिक मत्स्य व्यवस्थापनको उदाहरण हो । सिल्भर, बिगहेड, कमन ग्रास, रहु, नैनीलगायत विभिन्न जातका माछा उत्पादन गरिनु सकारात्मक पक्ष हो । अझ सहर जातको माछा केज पद्धतिमा परीक्षणका रूपमा पालन सुरु गर्नु अनुसन्धान र नवप्रवर्तनतर्फको महत्वपूर्ण कदम मान्न सकिन्छ । यदि यस्ता परीक्षण सफल भए भने नेपालका अन्य जलाशयमा समेत यसको विस्तार गर्न सकिने सम्भावना बलियो हुन्छ । मत्स्य विकास केन्द्रले केवल उत्पादन र बिक्रीमा मात्रै ध्यान दिएको छैन, जलीय जैविक विविधता संरक्षणतर्फ पनि सक्रिय देखिएको छ । इन्द्रसरोवर तालमा तीन लाख माछाका भुरा छाडिनु, नदी तथा खोलानालामा अध्ययन गरिनु तथा जलचर संरक्षणसम्बन्धी कार्यक्रम सञ्चालन हुनु वातावरणीय सन्तुलनका दृष्टिले प्रशंसनीय कार्य हुन् । विकास र संरक्षणलाई सँगसँगै अघि बढाउने नीति नै दीगो विकासको आधार हो । स्थानीय माझी तथा बोटे समुदायको जीविकोपार्जन सुधारका लागि तालिम, सामग्री सहयोग तथा माछाका भुरा वितरणजस्ता कार्यक्रम अझ महत्वपूर्ण छन् ।

नेपालमा परम्परागत रूपमा जलस्रोतसँग जोडिएका समुदायहरू पछिल्लो समय आर्थिकरूपमा कमजोर बन्दै गएका छन् । यस्ता कार्यक्रमले उनीहरूको जीवनस्तर उकास्नुका साथै स्थानीय सीप र पेशालाई संरक्षण गर्न मद्दत पुऱ्याउँछ । तर, यति मात्र पर्याप्त छैन । कुलेखानीको मत्स्य सम्भावनालाई राष्ट्रिय आर्थिक अवसरका रूपमा विकास गर्न राज्यले थप लगानी, प्रविधि र बजार व्यवस्थापनमा ध्यान दिन आवश्यक छ । माछा उत्पादनलाई व्यवसायिक र प्रतिस्पर्धी बनाउन चिस्यान केन्द्र, प्रशोधन उद्योग तथा व्यवस्थित बजार सञ्जाल आवश्यक हुन्छ । साथै जलाशय संरक्षण र प्रदूषण नियन्त्रणलाई पनि उत्तिकै प्राथमिकता दिनुपर्छ । कुलेखानीको उदाहरणले सही योजना, स्थानीय सहभागिता र वैज्ञानिक व्यवस्थापन भए जलस्रोतलाई समृद्धिको आधार बनाउन सकिने स्पष्ट देखाएको छ । अब आवश्यकता यसलाई दीर्घकालीन नीति, लगानी र प्रभावकारी व्यवस्थापनमार्फत् देशव्यापी सफल मोडलका रूपमा विस्तार गर्ने हो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८३ जेठ १६ गते शनिबार ३० मे २०२६ । चतुर्दशी, जेठ शुक्लपक्ष । अनलाध्व ११४६ ने.सं. । सूर्योदय ५:११ सूर्यास्त ६:५३।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : जीवनसाथीसँग मतभेद हुनसक्नेछ | तुला | : रोकिएका काम सम्पादन हुनेछन् |
| वृष | : आध्यात्मिक चेतना प्राप्त हुनेछ | वृश्चिक | : पठन-पाठनमा प्रगति हुनेछ |
| मिथुन | : शुभ समाचार मिल्नेछ | धनु | : सभा-समारोहमा अवसर मिल्नेछ |
| कर्कट | : व्यापार लाभप्रद रहनेछ | मकर | : आत्मविश्वासमा कमी आउनेछ |
| सिंह | : सन्तानको चिन्ता बढ्नेछ | कुम्भ | : व्यापारमा हानि हुन सक्नेछ |
| कन्या | : सम्पत्तिसम्बन्धी विवाद हुनेछ | मीन | : समाजमा सराहना हुनेछ |

# ब्याक गियरमा थालिएको डिपार्चर



✍झलक सुवेदी

भारतीय राजनीतिलाई एउटा भुइँचालोले हल्लाइरहेको छ- कक्रोच जनता पार्टीको घोषणाको भुइँचालो ! हालै भारतीय सुप्रिम कोर्टका प्रधानन्यायाधीशले नवयुवाहरूलाई 'उनीहरू अल्छी छन्, मोबाइलमा झुन्डिएर बस्छन्, बेरोजगारीका कारण समाजका साङ्ला जस्ता बनेका छन्' भनेर गरेको टिप्पणीप्रति आमयुवाहरूले जनाएको प्रतिक्रियाकै एउटा सहउत्पादनका रूपमा बनेको हो, कक्रोच जनता पार्टी । पहिला त समग्र भारतीय युवाहरू 'मेटामर्फोसिस' भएर ग्रिगोर साम्साको स्वरूप धारण गर्दै सरकार र प्रणालीलाई व्यङ्ग्य मात्र गर्लान् भन्ने लागेको थियो । तर उनीहरूले यो बिम्बलाई प्रयोग गरेर भारतीय लोकतन्त्रमा पलाएको 'आरएसएस' वाला ऐंजेरु विरुद्ध धावा बोल्न थाले । ठूलो संख्यामा युवाहरूले 'म कक्रोच हुँ, अब म आफूलाई कक्रोच बनाउने समग्र प्रणालीबाट मुक्ति चाहन्छु' भन्ने आवाज मुखरित गर्न थाले ।

अर्थात् भारतीय राजनीतिमा युवाहरूले प्रणालीगत समस्यामाथि धावा बोलेका छन् । यसको गन्तव्य र भवितव्य के-कस्तो हुन्छ भन्ने अनिश्चित भए पनि यो भारतीय समाजमा व्याप्त प्रणालीगत बेथिति विरुद्धको सन् १९७० दशकको नक्सलवादी आन्दोलनपछिको सबैभन्दा प्रभावशाली हस्तक्षेप हो । सन् २०१४ बाट निरन्तर सत्तामा रहेका मोदी र उनको दल भारतीय जनता पार्टीले यो स्तरको आक्रोश र विरोधको सामना अहिलेसम्म गर्नुपरेको थिएन । राहुल गान्धीले उत्तर-दक्षिण, पूर्व-पश्चिम पैदल यात्रा गरेर लाखौं भारतीयलाई जोड्ने र भाजपाको एकाधिकारवादी शासन तोड्ने निकै प्रयास गरे । तर उनी असफल भइरहेका छन् । नितिश कुमार भाजपामै विलीन भए । ममता बनर्जी चुनाव हारिन् । वामपन्थीहरू कमजोर बन्दै गए र भारतीय माओवादीहरूको शक्ति पनि खुम्चियो । केजरीवालको वैकल्पिक राजनीति आफ्नै कारण र मोदीको दमनका कारणले पनि सेलाउँदै गयो । यस्तो अवस्थामा हस्तक्षेप गर्दै अहिले युवाहरू जागरुक भएका छन् र तिनले भाजपालाई पहिलोपटक भुइँतहबाट चुनौती खडा गरेका छन् ।

यो केवल भाजपाको मात्र होइन, समग्र नवउदारवादी आर्थिक नीति, 'क्रोनी' पूँजीवादले थोपरेको विषमता र हिन्दु अतिवादमा आधारित अधिनायकवादी शासन प्रणालीबाट सिर्जित निराशा र आक्रोशको अभिव्यक्ति हो । तर यो भुइँचालोप्रति एउटा प्रश्न पनि छ- जन्मेको एक साता नहुँदै सरकारको दमन सामना गर्न थालेको यो आन्दोलन कत्तिको दिगो हुनेछ ? राजनीतिक रूपमा समाजवाद, धर्मनिरपेक्षता, भ्रष्टाचारको अन्त्य र रोजगारीलाई मूल कार्यसूची बनाएर आन्दोलनले समाजमा निहित अन्तरविरोधलाई त ठम्याएको छ, तर सञ्जालबाट सडकमा कहिले पुग्छ र भारतीय राज्य संयन्त्रको दमनको सामना कसरी गर्छ भन्ने स्पष्ट खाका देखाएको छैन । र सबैभन्दा ठूलो कुरा, यसले पनि केजरीवालले जस्तै प्रणालीमा रङरोगन मात्र गर्ने बाटो लिने हो कि पुनर्निर्माणको बाटो पनि लिने हो भन्ने स्पष्ट भएको छैन ।

यसको एउटा विडम्बना पनि छ- भारतीय नवयुवाहरूले नेपालको जेनजी आन्दोलनलाई आइकन मानेका छन्, जसलाई यहाँ काठमाडौं महानगरबाट देशको केन्द्रीय सत्तामा उक्लेको एउटा समूहबाट सञ्चालित शाह सरकारले 'हाइज्याक' गरिदिएको छ । भारतीय नवयुवाहरूले सचेत प्रयासबाट आफूलाई विकल्पका रूपमा उभ्याउनुअगाडि, यताको उनीहरूले स्वीकार गरेको बिम्ब आफैंमा पोखरीमा हेरिने आफ्नो अनुहारको छायाँ जस्तो नहोस्, जुन सानो मट्याङ्गो पानीमा पर्दा वा भ्यागुतो उफ्रिंदा निस्कने तरङ्गले हल्लाएपछि देखिन छाड्छ ।

### कहाँ छन् प्रधानमन्त्री ?

वर्तमान शाह सरकार स्वयं बालेन्द्र शाहको नेतृत्व रहेको अपारदर्शी समूहबाटै सञ्चालित छ भन्ने कुरामा अब धेरै जिज्ञासा राखिरहनुपरेन । यही मङ्गलबार संसद्मा खोजी भइरहेका प्रधानमन्त्रीका बारेमा सभामुख डीपी अर्याल र रास्वपा महामन्त्री कविन्द्र बुर्लाकोटी आश्वासन तथा तत्काल त्यसबारे प्रधानमन्त्रीको सचिवालयबाट प्रेषित विरोधले धेरै कुरा बताउँछ । प्रधानमन्त्री संसद्मा जाँदैनन्, हाम्रो स्थापित अभ्यास र परम्पराअनुरूप राष्ट्रपतिलाई भेट्दैनन् (कार्यकारी अधिकार प्रधानमन्त्रीमा रहे पनि राष्ट्रपति त्यसको अङ्ग हो) । पत्रकारलाई भेट्ने कुरै आएन । सार्वजनिक रूपमा जनतालाई सम्बोधन गर्दैनन् । यी प्रणालीसँग सम्बन्धित कुरा हुन् (रिबन काट्न र भाषण गर्न नजानु राम्रो होला । यसो नगरेर प्रणालीलाई चुनौती हुँदैन) ।

आफ्ना मातहतका सुरक्षा निकाय र अरू अधिकारीहरू, जसलाई 'सिस्टम' ले प्रधानमन्त्री वा गृहमन्त्री तथा रक्षामन्त्रीलाई भेट्ने बाध्यता छ, उनीहरूलाई पनि भेट दिँदैनन् भन्ने सुनिन्छ । उच्च तहका सरकारी अधिकारीलाई समेत आफ्नो कार्यालयमा बोलाएर सचिवालयका जुनियर सदस्यहरूलाई आदेश दिन र संवाद गर्न लगाउँछन् । अघिल्लो सरकारको समयमा विभिन्न प्रक्रिया पूरा गरेर नियुक्ति लिएका सबैलाई एउटै डोकोमा हालेर फालिदिएका छन् । प्राध्यापक, शिक्षक, व्यापारी, बैङ्कर, निर्माण व्यवसायी, कर्मचारी, न्यायालय र पत्रकारिता- जताततै उनी आफ्ना शत्रुहरू मात्र देख्छन् । मातहतका अफिसरहरूलाई हेप्छन् र हप्कीदप्की गर्न अल्लारे केटाहरूलाई लगाउँछन् । त्यसको उचित कारण खुलाउँदैनन् । सबै संस्थाहरूमाथि आतङ्कको राज चलाउन खोजिंदैछ । विधिले होइन, धम्की र भयका माध्यमबाट शासन गर्ने अनौठो प्रणाली विकास गरिंदैछ ।

सबैभन्दा महत्त्वपूर्ण कुरा, रास्वपाबाट निर्वाचित संसद् सदस्यहरू र सबै मन्त्रीहरूलाई निरीह बनाइएको छ । उनीहरूलाई बोल्न लगभग प्रतिबन्ध छ । सभामुख मणि हराएको सर्प (बिम्ब हो है, सर्पको मणि हुँदैन) जस्तो एउटा लाचार अनि एआईको अहिलेको स्तर विकास नहुँदैको रोबोटमा बदलिएका छन् । रास्वपा सांसदहरू संसद्मा यसरी प्रस्तुत हुन्छन्, मानौं उनीहरू सबै संसद् र संसदीय प्रणालीको मानमर्दन गर्न मात्रै कतैबाट खटिएका प्युसाहरू हुन् । यस्तो लाग्दैछ- रास्वपाको स्थापना र विकासमा मुख्य नेतृत्व गर्ने अगुवाहरू रवि लामिछाने, डीपी अर्याल, कविन्द्र बुर्लाकोटी, विपिन आचार्य, स्वर्णिम वाग्ले, मनीष झा, सोविता गौतम, तोसिमा कार्कीहरूको आत्मा झिकेर कतै अँध्यारो कोठामा बन्दी बनाइएको छ । बाहिर उनीहरू जे देखिन्छन्, त्यो केवल उनीहरूको प्राणविहीन शरीर मात्रै हो ।

शाह सरकारको शासन शैलीको सबैभन्दा ठूलो शिकार रास्वपा बनिरहेको छ । प्रधानमन्त्री रास्वपाको संसदीय दलका नेता हुन् तर रास्वपाका प्रधानमन्त्री होइनन् । यस्तो लाग्छ- पञ्चायती शासनकालमा खासगरी राजा वीरेन्द्रका पत्नी, भाइ र बुहारीहरू अनि बहिनी र ज्वाइँहरू लगायत कतिपय शाही परिवारका सदस्यहरू दरबारबाट अदृश्य रूपमा शासन गर्छन् र मन्त्रिमण्डल देखाउने अनुहार मात्र हो भनेर पञ्चायतका खेलाडी सूर्यबहादुर थापाले भनेको 'भूमिगत गिरोह' प्रेतका रूपमा अहिले शाह सरकारको आत्मामा पसेर शासन गर्न आइपुगेको छ ।

### छिट्टै देखिने दुर्दशा

गाउँमा एक जना भाइ थियो । सानैदेखि अलि उरन्ठेउलो मतिको । उसलाई घरमा रेडियो नभएकोमा निकै पीर परेको रहेछ । एक दिन रेडियो भएका दाइको घरमा बसेर कुरा गर्दै जाँदा भनिहाल्यो, 'बा मरे त भैंसी बेचेर रेडियो किनिहाल्थें म पनि ।' अहिलेको सरकार त्यही भाइको जस्तो मनोदशामा चलिरहेको जस्तो छ । भएको लैनो भैंसी बेचेर आएको पैसा ठमेलका क्लबमा गएर सक्न हिंडेजस्तो । बिथोल्न हिंडेजस्तो । नदी किनारका बस्ती हटाउने नाममा आमनागरिकमाथि गरेको अपमान र ज्यादतीका कथा दिनदिनै आइरहेका छन् । सरकार त्यसलाई रमिताका रूपमा हेरेर मजा लिइरहेको छ । डोजरे आतङ्कले सयौं परिवारलाई थप गरिबीमा धकेलेको छ । राणा शासकहरूमा सबैभन्दा निरङ्कुश मानिने प्रधानमन्त्री चन्द्रशमशेरले दासहरूलाई मुक्त घोषणा गरेपछि उनीहरूलाई सम्मानपूर्वक अमलेखगन्जमा बस्ने व्यवस्था मिलाएका थिए । तर यो शाह सरकार चन्द्रशमशेर होइन, रणबहादुर शाहको पथमा हिंडिरहेको जस्तो छ, जसले आफ्नो छोरालाई बिफर सल्कन नदिन काठमाडौंका १० वर्षमुनिका बच्चा भएका सयौं परिवारलाई चार भञ्ज्याङ कटाएर बिल्लीबाठ पार्दै मजा लिएको थियो ।

ठेकेदारलाई रूखमा बाँधेर प्रोजेक्टहरूको काम समयमै सक्ने घोषणा गरेर चुनाव जितेका बालेन्द्र शाहको सरकार बनेपछि ठेकेदारहरूलाई काम गर्ने वातावरण बनाउनुको साटो तर्साएर काम गराउने नीति लिइयो । निर्माण व्यवसायी रमेश शर्मालाई प्रहरी लगाएर मन्त्रालयमा झिकाएर गरिएको अपमान अरूतिर पनि फैलिएको छ । इरान युद्ध र त्यसपछि विश्वभर सिर्जना भएको पेट्रोलियम पदार्थको मूल्य वृद्धि र त्यसको बाइप्रडक्टको आपूर्ति शृंखलामा उत्पन्न अवरोधका कारण कतिपय वस्तुको सहज आपूर्ति हुनसकेको छैन । कतिपयको मूल्य स्वयं सरकारले दुई गुणा बढाएको छ । निर्माण व्यवसायीको लागत बढेको मात्र छैन, प्रयोगका लागि आवश्यक सामग्रीको उपलब्धतामा समेत समस्या छ । यस्तो बेला व्यवसायीलाई धम्क्याएर मात्र निर्माण कार्य कसरी छिटो हुन्छ ?

बैङ्करहरूको गिरफ्तारी, उद्योगी व्यवसायीहरूमाथिको (अनुसन्धान कार्य प्रभावित हुने अवस्थामा बाहेक) गरिने गिरफ्तारीले यो क्षेत्र आतङ्कित छ । बिचौलिया र क्रोनीको घानमा साधारण व्यवसायी पनि पिसिन थालेपछि लगानीका लागि वातावरण बन्नुको साटो बिग्रँदै गएको छ । पूँजी पलायन बढिरहेकै छ । यसअघिको नेतृत्वले गरेको अत्यधिक दलीयकरणको विरोध गर्दै आएको नागरिक समाजलाई लज्जाबोध हुने गरी हरेक क्षेत्रमा राजनीतिकरण तीव्र पारिएको छ । विज्ञको छनोट गर्ने भन्दै गरिएको चलखेल र राजनीतिकरणले सबैतिर बेथिति बढ्न थालेका सङ्केत आइसकेका छन् । सयौं संस्था नेतृत्वविहीन छन् । विज्ञतालाई भन्दा लोयल्टीलाई प्राथमिकता दिन थालिएको छ । महँगी बढेको छ । महँगी बढ्नाका कारण छन्, सबैलाई थाहा छ । तर सरकारले जनतालाई राहत दिनेतिर कुनै कदम चालेको छैन । भारतसँगको सिमानाबाट तस्करी वा अनौपचारिक आयात त रोकिएको छैन, तर साना घरायसी सामानका लागि उता निर्भर साधारण परिवारको जीवनमा महँगी थपिएको छ । यसबारेमा जनताका जिज्ञासाको जवाफ दिन प्रधानमन्त्री सार्वजनिक मञ्चमा उपस्थित छैनन् ।

लोकतान्त्रिक 'स्पेस' खुम्च्याउन अनेक प्रयोग गरिएको छ । पत्रपत्रिकालाई शुरुमै सरकारी विज्ञापन दिन रोक लगाएर 'सर्भाइभल' का लागि 'लोयल्टी' खोजिएको छ । प्रधानमन्त्रीको एउटा अपारदर्शी समूहबाट निर्देशित अल्लारे कार्यकर्ताहरूले सरकारी अधिकारीहरूलाई धम्कीको भाषामा भनिसकेका छन्, 'अदालत हाम्रो हातमा आयो, अख्तियार हाम्रो नियन्त्रणमा आइसकेको छ । सबै कुरा हामी मिलाउन सक्छौं । कानून, विधि र प्रक्रिया सबै । तिमीहरूले सोच्ने होइन, आदेश पालन गर्ने हो । विधि खोज्ने होइन, आदेश मान्ने हो ।' अध्यादेशबाट शासन चलाउन खोज्नुको अर्थ पनि त्यही हो । वैदेशिक सम्बन्धका विषयमा रास्वपा सांसद अमरेशकुमार सिंहको समीक्षा बढी यथार्थपरक होला: भारत र चीनसँगको सम्बन्ध यसअगाडि यति नराम्रो भएको थिएन । सरकारको विदेश नीति अपरिपक्व र अतिवादी सोचबाट सञ्चालित भएको देखिंदैछ । डेढ दर्जनभन्दा बढी देशमा लामो समयदेखि राजदूत खाली छन् । सरकार नियुक्ति प्रक्रियामा प्रवेश नै गर्न सकेको छैन । चीनबाट कुनै उच्चस्तरीय भ्रमण भएको छैन । भारतीय विदेश सचिव मिश्राको भ्रमण बीचैमा रोकिएको छ ।

जम्मा दुई महिना पुगेको सरकारले जे गरिरहेको छ, त्यसले प्रणालीगत सङ्कट बढाउने, बेथितिलाई प्रोत्साहित गर्ने, संस्थाहरूको भद्दा राजनीतिकरण हुने, नागरिक समाजमा भय र असन्तोष बढ्दै जाने तथा शासकीय संयन्त्रहरू कानून र विधिले भन्दा भयप्रेरित भएर काम गर्नुपर्ने अवस्था सिर्जना गरिदिएको छ । यो परम्पराबाट प्रस्थान त हो, तर ब्याक गियर लगाएर थालिएको डिपार्चर हो, जसले समाजलाई दुर्घटनातिर लैजाने सम्भावना छ । सय दिन पनि नपुगेको सरकारको अहिले नै हतारिएर के आलोचना गर्नु ? पर्खौं, सय दिन पुग्न दिऊँ । राम्रोलाई राम्रै भन्न पाइयोस् न !

*(साभार: अनलाइनखबर)*

# राष्ट्रिय एकता आजको अपरिहार्यता

✍निशा चौधरी

राष्ट्रिय एकता कुनै पनि राष्ट्रको स्थायित्व, समृद्धि र पहिचानको प्रमुख आधार हो । नेपालजस्तो बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक र भौगोलिक विविधताले भरिपूर्ण देशका लागि राष्ट्रिय एकताको महत्व अझै विशाल र फराकिलो छ । जसको उद्देश्य केवल एक ऐतिहासिक स्मरणमात्र नभई सम्पूर्ण नेपाली जनतालाई एकताको सूत्रमा बाँध्नु पनि हो । त्यही भएर राष्ट्रिय एकता राष्ट्रप्रतिको कर्तव्यबोध, आपसी सद्भाव र साझा भविष्य निर्माणसँग जोडिएको एक अभिन्न पक्षसमेत हो ।

नेपालको गर्विलो इतिहास विविधता र संघर्षका विविध गाथाहरुले सजिएको छ । विभिन्न राज्य, जाति, समुदाय र संस्कृतिलाई एकीकृत गर्दै आधुनिक नेपालको निर्माण भएको हो । यस ऐतिहासिक एकीकरणले हामीलाई यो सम्झाउँछ कि आज हामी एउटै झन्डामुनि स्वतन्त्र र निर्भिक नागरिकका रुपमा बाँचिरहेका छौं । यसको मूल कारण भनेको एकता नै हो । यसले विगतका त्याग, बलिदान र योगदानप्रति सम्मान प्रकट गर्दै अवसर प्रदान गर्दछ । राष्ट्रिय एकताको लागि हातेमालो गर्नुको अर्को महत्वपूर्ण पक्ष सामाजिक सद्भावको संरक्षण र प्रवर्द्धन गर्नु हो । समाजमा जातीय, भाषिक, धार्मिक वा क्षेत्रीय विभाजनको भावना देखा पर्नु राष्ट्रका लागि घातक हुन सक्छ । यस्तो अवस्थामा राष्ट्रिय एकताले विविधतामा एकता भन्ने नेपाली विशेषतालाई जागृत गराउँछ । यसले फरक-फरक पहिचान भएकालाई सहर्ष स्वीकार गरी तिनलाई सम्मान प्रकट गर्दै साझा राष्ट्रिय पहिचान निर्माण गर्न प्रेरित गर्दछ ।

नेपालका लागि राजनीतिक रुपमा समेत राष्ट्रिय एकताको ठूलो महत्व छ । राष्ट्रिय एकता कुनै पनि राष्ट्रको राजनीतिक स्थायित्व, शासन प्रणालीको प्रभावकारिता र दीर्घकालीन समृद्धिको आधारस्तम्भ हो । विशेषत: बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक संरचना भएको नेपालजस्तो देशमा राजनीतिक रुपमा राष्ट्रिय एकताको महत्व अत्यन्त गहिरो र संवेदनशील छ । राजनीतिक शक्ति, नीति निर्माण र राज्य सञ्चालनको केन्द्रमा जब राष्ट्रिय एकताको भावना स्थापित हुन्छ तब मात्र लोकतन्त्र मजबुत, समावेशी र दिगो बन्छ । राजनीतिक व्यवस्थाको सफलता जनताको एकतामा निर्भर हुन्छ । लोकतन्त्र, गणतन्त्र र संघीय शासन प्रणालीजस्ता राजनीतिक संरचनाहरु कागजमा मात्र सीमित हुँदैनन् । तिनको वास्तविक प्रभाव तब देखिन्छ जब नागरिक, राजनीतिक दल र राज्य संयन्त्रबीच विश्वास र सहकार्य कायम हुन्छ । राष्ट्रिय एकताविना राजनीतिक स्वार्थ विभाजन र अस्थिरताको अखडा बन्न जान्छ । राजनीतिक रुपमा एकताको सहमति, संवाद र सहकार्यको संस्कार विकास गर्छ । जसले द्वन्द्वभन्दा समाधानलाई प्राथमिकता दिन प्रेरित गर्छ ।

राजनीतिक रुपमा राष्ट्रिय एकताको वास्तविक महत्व व्यवहारमा देखिनुपर्छ । यो केवल नारा, भाषण वा घोषणापत्रमा मात्र सीमित हुनुहुँदैन । राजनीतिक दलहरुले जिम्मेवारीपूर्ण भूमिका खेल्नु, नागरिकले सचेत सहभागिता जनाउनु र राज्यले न्यायपूर्ण शासन सुनिश्चित गर्नु यी सबै राष्ट्रिय एकताको अभ्यासका आधार हुन् । राजनीतिक रुपमा राष्ट्रिय एकता स्थापित भएमा मात्र नेपाल अटल, स्थिर र सशक्त राष्ट्रका रुपमा अघि बढ्न सम्भव हुन्छ । त्यसैले राष्ट्रिय एकता राजनीतिको सजावट मात्र नभई राजनीतिको एक प्रमुख मेरुदण्डसमेत हो । एकताविना राजनीति दिशाहीन हुन्छ र एकता सहित राजनीति राष्ट्र निर्माणको सशक्त माध्यम बन्न पुग्छ । त्यही भएर राजनीतिक रुपमा राष्ट्रिय एकताको खाँचो अत्यधिक छ ।


अझ युवापुस्ताको लागि त राष्ट्रिय एकता निकै नै अर्थपूर्ण मानिन्छ । युवा राष्ट्रका भविष्य हुन् । यदि युवामा राष्ट्रिय भावना, एकता र सहकार्यको चेतना विकास भएन भने देशको भविष्यसमेत गलत दिशातर्फ अघि बढ्न सक्छ । राष्ट्रिय एकताले युवालाई इतिहास बुझ्न, वर्तमानको जिम्मेवारी महसुस गर्न र भविष्यप्रति प्रतिबद्ध हुन प्रेरित गर्छ । यसले उनीहरुलाई विभाजन होइन सहकार्य गर्न, घृणा होइन सहिष्णुता देखाउन, निराशा होइन आशाको बाटो देखाउन मद्दत गर्दछ । समाजमा प्रत्येक युवाले राष्ट्रिय एकताको सही अर्थ बुझ्न आवश्यक छ । युवामा यदि जाति, धर्म, भाषा र क्षेत्रका आधारमा विभाजनकारी सोचको विकास भयो भने राष्ट्र कमजोर बन्छ । राष्ट्रिय एकताले युवालाई फरक पहिचानलाई अस्वीकार होइन सम्मान गर्न सिकाउँछ । यसले 'म पहिले नेपाली हुँ' भन्ने साझा चेतनाको विकास गराउँछ । युवा पुस्ताको लागि राष्ट्रिय एकताको महत्वपूर्ण पक्ष भने राष्ट्र निर्माणसँग जोडिएको हुन्छ । विकास, सुशासन, रोजगारी, शिक्षा र प्रविधिको क्षेत्रमा युवाको सक्रिय भूमिका अपरिहार्य हुन्छ । तर विभाजित समाजमा सामूहिक लक्ष्य प्राप्त गर्न कठिन हुन्छ । राष्ट्रिय एकताले युवालाई व्यक्तिगत सफलताभन्दा सामूहिक समृद्धितर्फ उन्मुख गराउँछ । यसले सहकार्य, नेतृत्व र जिम्मेवारीको भावना विकास गर्छ, जुन राष्ट्र निर्माणको मूल आधार स्तम्भ पनि हो ।

राष्ट्रिय एकताको वास्तविक अभ्यास युवाको दैनिक व्यवहारमा देखिनुपर्छ । सहपाठी, सहकर्मी वा समाजका अन्य सदस्यहरुसँगको व्यवहारमा समानता, सम्मान र सहयोग देखिनु नै राष्ट्रिय एकताको साँचो रुप हो । राष्ट्रिय एकता युवाका लागि केवल पाठ्यपुस्तकको विषय होइन, यो त समग्र जीवनपद्धति हो । यसैले युवा पुस्ताका लागि राष्ट्रिय एकता केवल भावनात्मक नारा होइन, यो जिम्मेवारी, प्रतिबद्धता र भविष्यप्रतिको दायित्व हो । एकतामा बाँधिएको युवा पुस्ताले नै सशक्त, समृद्ध र सम्मानित नेपालको निर्माणमा महत्वपूर्ण योगदान पुऱ्याउन सक्छ ।

आजको विश्व तीव्ररुपमा परिवर्तनशील र आत्मनिर्भर बन्दै गएको छ । प्रविधि, अर्थतन्त्र, राजनीति र संस्कृतिका सीमाहरु क्रमश: धुमिल हुँदै गएका छन् । यस्तो वैश्विक परिवेशमा राष्ट्रहरु केवल आफ्नो भौगोलिक सीमाभित्र सीमित रहेर सुरक्षित र समृद्ध हुन सक्दैनन् । यद्यपि विश्वसँग खुला सम्बन्ध राख्नु आवश्यक भए पनि त्यसका बीच राष्ट्रिय एकता कमजोर हुनु राष्ट्रका लगि गम्भीर चुनौती बन्न सक्छ । त्यसैले वैश्विक सन्दर्भमा राष्ट्रिय एकताको महत्व झन् गहिरो र निर्णायक बन्दै गएको छ । वर्तमान सूचना र प्रविधिको युगमा गलत सूचना, दुष्प्रचार र साइबर युद्धजस्ता नयाँ चुनौती देखिएका छन् । यस्ता चुनौतीहरु प्राय: समाजमा विभाजन फैलाउने उद्देश्यले प्रयोग गरिन्छन् । राष्ट्रिय एकताको चेतनाले नागरिकलाई सचेत, जिम्मेवार र विवेकशील बनाउँछ । यसले अफवाहभन्दा तथ्य, घृणाभन्दा सहष्णिुता र उत्तेजनाभन्दा विवेकलाई प्राथमिकता दिन सिकाउँछ । जब राष्ट्रिय एकताको भावना बलियो बन्छ तब विश्वभर नेपालको सकारात्मक छवि निर्माणमा सहयोग पुग्छ । यसले राष्ट्रिय पहिचानलाई सुदृढ बनाउँछ । राष्ट्रिय एकता नै राष्ट्रको शक्ति, बल, स्थायित्व र भविष्यको आधार हो । भाषा, जाति, धर्म, संस्कृति र भूगोलको विविधताकाबीच आपसी सम्मान, सहकार्य र सहिष्णुताको भावना विकास गराउन सक्नु नै साँचो अर्थमा राष्ट्रिय एकता हो । अत: राष्ट्रिय एकता कुनै अमूर्त भावना वा अवसर विशेषमा दोहोरिने नारा मात्र होइन, यो राष्ट्रको स्थायित्व, समृद्धि र स्वाभिमानको आधारस्तम्भ हो । विविध भाषा, जाति, धर्म, संस्कृति र भौगोलिक पहिचानबीच आपसी सम्मान, सहकार्य र सहिष्णुताको भावना विकास गर्न सक्नु नै साँचो अर्थमा राष्ट्रिय एकता हो ।

*(साभार: न्यूज अफ नेपाल)*

# सरकारका दुई महिना: सय कार्यसूचीका अधिकांश काम भएका छैनन् कार्यान्वयन



काठमाडौं/सरकारको कार्यसम्पादनलाई नतिजामुखी र प्रभावकारी बनाउने उद्देश्यले सार्वजनिक गरिएको कार्यसूचीमध्ये अधिकांश कामहरू कार्यान्वयन हुन सकेको छैनन् । सरकारले समयवद्ध रुपमा गर्ने कार्यहरुको सूची सार्वजनिक गरेको थियो । यो दुई महिनाको अवधिका आधारमा सरकारले गरेका कामहरूको विश्लेषण गर्दा अधिकांश सूची तोकिएको समयावधि अनुसार कार्यान्वयन हुन सकेको छैनन् ।

सर्वाधिक चर्चा र विवादित विषय यसबीचमा सुकुमवासी बस्तीलाई हटाउने कार्य बन्यो । काठमाडौं उपत्यका सहित देशभर सरकारले सुकुमवासी बस्ती खाली गराउने कार्य यही समयावधिमा गऱ्यो । सुकुमवासी बस्ती खाली नगराउन अदालतको आदेशसँगै काठमाडौंमा डोजर चल्न रोकिएपनि देशका कतिपय स्थानमा भने निरन्तर चलिरहेको छ । सरकारको एक सय कार्यसूचीमा भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित बसोबासीको डिजिटल लगत संकलन तथा प्रमाणीकरण ६० दिनभित्र सक्ने उल्लेख थियो । अतिक्रमित बस्ती खाली गरेर वास्तविक सुकुमवासी लगत संकलन तथा प्रमाणीकरणको कार्य जारी रहेको छ । सकिएको छैन ।

संघीय मन्त्रालय घटाएर १७ कायम गर्ने कार्यसूचीलाई कार्यान्वयन गरिएको छ । सरकार बनेको ३० दिनभित्रमा मौजुदा नेपाल सरकार (कार्य विभाजन) नियमावली संशोधन गर्ने भनिएपनि तोकिएको अवधि पछि सरकारले निर्णय गरेको छ । यही बीचमा सरकारले निजामती कर्मचारीको ट्रेड युनियन र विश्वविद्यालयमा विद्यार्थी संगठन खारेज अध्यादेश मार्फत गऱ्यो । सरकारको त्यस निर्णय विरुद्ध सम्बद्ध पक्ष सर्वोच्च अदालत गएर अल्पकालीन आदेश ल्याएको छ ।

सरकारी उच्च ओहोदामा रहेकाहरूले गरेको अनियमितता छानबिन गर्नका लागि १५ दिनभित्रमा अधिकार सम्पन्न छानबिन समिति गठन गर्ने भनिएको थियो । तर, आयोग बनाइयो । सबै दलका घोषणापत्र, वाचापत्र, प्रतिबद्धता पत्रहरुबाट कार्यान्वयन योग्य विषयहरू संश्लेषण गरी राष्ट्रिय प्रतिबद्दता तयार गर्ने भनिएपनि दलहरूले आफ्ना राय/सुझाव दिएनन् । सरकारले बनाएको मस्यौदामा राय तथा सुझाव दिनका लागि विपक्षी दलहरूलाई सरकारले आग्रह गरेको थियो । संविधान संशोधन बहस पत्र तयार गर्ने कार्यदल गठन गर्ने सरकारी निर्णय कार्यान्वयनमा आएको छ ।

प्रधानमन्त्री शाहका राजनीतिक सल्लाहकार असीम शाहको नेतृत्वमा रहेको कार्यदलले दलका नेताहरू, कानुनविद्, पूर्व न्यायाधिवक्ता लगायतसँग छलफल गरिरहेको छ । प्रमुख प्रतिपक्ष दल नेपाली कांग्रेस भने बहसपत्र तयार गर्ने सरकारी छलफलमा सहभागी भएको छैन । दलित, बहिष्कृत समुदायप्रति राज्यबाट भएको विभेदमा १५ दिनभित्र राज्यका तर्फबाट औपचारिक क्षमायाचना रास्वपा सभापति रवि लामिछानेले संसदबाट गरे । तर, उक्त समुदायका लागि सुधारमुखी कार्यक्रम घोषणा गर्ने भनिएपनि ल्याइएको छैन ।

जेनजी आन्दोलनको दोस्रो दिनमा भएका घटनाको सत्यतथ्य छानविन गर्न उच्चस्तरीय छानबिन समिति गठन गर्ने कार्यसूचीलाई सरकारले कार्यान्वयन गरेको छ । सट्टेबाज एप र त्यस सम्बन्धी वेवसाइटहरु २४ घण्टाभित्रै बन्द गर्ने कार्यसूची सरकारले तत्कालै कार्यान्वयन गरेको थियो । प्रमुख खाद्यान्न बालीको समर्थन मूल्य ३० दिन भित्र तोक्ने कार्यसूची बनाएको सरकारले गत साता मात्र धानको समर्थन मूल्य निर्धारण गरेको छ ।

**समयसीमा तोकिएका यी काम हुन सकेनन्**

नागरिकको जीवनमा प्रत्यक्ष सुधार गर्न नतिजामा आधारित शासकीय प्रवन्ध लागू गर्ने सरकारको अधिल्लो पङ्तिको कार्य अन्तर्गत थियो । प्रत्येक मन्त्रालयले ७ दिनभित्र प्रमुख १० कार्य, तिनका समयसीमा, जिम्मेवार अधिकारी र प्रमुख कार्यसम्पादन सूचकसहितको कार्ययोजना तयार गरी कार्यान्वयनमा लैजाने भनिएपनि त्यस बारेमा कार्य भए/नभएको सरकारले सार्वजनिक जानकारी गराएको छैन ।

सरकारी सेवा प्रवाहलाई छिटो छरितो बनाउन आवश्यक कार्यविधि, मापदण्ड तथा अनुगमन प्रणाली ३० दिनभित्र तयार गर्ने सरकारी कार्यसूची थियो । त्यसका लागि कानुनको संशोधन आवश्यक रहे मस्यौदा तयार गर्ने बताइएको थियो । सरकारले त्यसका लागि कानुनको मस्यौदा बनाएन । यस बीचमा आठवटा अध्यादेश ल्याइयो ।

फाइल कुन टेबलमा कति समय बसेको ट्र्याकिङ गर्ने सरकारी कार्यसूची थियो । कुनै कार्य तोकिएको समयमा नसकिए माथिल्लो अधिकारीलाई अलर्ट जाने प्रणालीको उपयोग गर्ने भनिएको थियो । आईडी कार्ड, बायोमेट्रिक ओटीपीको प्रयोग गरी इ-सिग्नेचर गरी नागरिकले आफ्नो विवरण बुझाउन सक्ने व्यवस्था लागू गर्ने भनिएपनि कार्यान्वयन हुन सकेन ।

३० दिनभित्र राष्ट्रिय सदाचार नीति जारी गर्ने कार्यसूची बनाएपनि कार्यान्वयन हुन सकेन । नागरिक एप वा इमेलबाट प्रमाणपत्रहरु डाउनलोड गर्न मिल्ने व्यवस्था १५ दिनभित्र मिलाउने सरकारको कार्यसूची कार्यान्वयनमा आएको छैन । सरकारसँग पहिले नै भएको नागरिकको वैयक्तिक विवरण पुन: सोध्नुको सट्टा 'अटो फिल' हुने व्यवस्था सम्बन्धित कार्यालयहरूले आफ्नो प्रणालीमा ६० दिनभित्र गर्ने कार्यसूची थियो ।

नागरिक्ले एउटै डिजिटल प्लेट फर्म मार्फत सबै सेवा सहज रुपमा प्राप्त गर्न सक्ने व्यवस्था मिलाउने सरकारको कार्यसूची थियो । सेवा प्रवाहमा दोहोरोपनको अन्त्य गर्न, पारदर्शिता अभिवृद्धि तथा समय र लागत उल्लेख्य रुपले घटाउन डिजिटल गभर्नेन्स र व्यक्तिगत डाटा संरक्षण सम्बन्धी नीति तथा कानूनको तर्जुमा ६० दिनभित्र गर्ने भनिएपनि त्यो तयार भइसकेको छैन । कर्मचारीहरूको कार्यसम्पादनलाई परिणामसँग जोड्न प्रत्येक पदको कार्य विवरण वस्तुनिष्ठ कार्यसम्पादन सूचक सम्बन्धित सार्वजनिक निकाय/कार्यालयले ४५ दिनभित्र तयार गर्ने सरकारको कार्यसूची थियो । अनलाइन आवेदन प्रणालीलाई सहज बनाउन नागरिक एप मार्फत आवेदन दिन सकिने व्यवस्था मिलाउने सय बुँदे कार्यसूचीमा उल्लेख छ ।

नागरिक एप मार्फत आवेदन दिँदा व्यक्तिले आफ्नो फोनमा रहेको एपले 'लोकल्ली स्टोर' गरेको विवरण वा अन्य प्रणालीबाट प्राप्त विवरणको आधारमा फर्म फिल अप गर्ने व्यवस्था मिलाउने भनिएपनि कार्यान्वयन भएको छैन । यस्तो व्यवस्थाबाट प्रहरी प्रतिवेदन, राहदानी र सवारी चालकको अनुमति पत्रका लागि आवेदन गर्न सकिने व्यवस्था हुने सरकारी अपेक्षा थियो ।

सार्वजनिक खरिद प्रक्रियामा हुने ढिला सुस्ती, लागत वृद्धि, गुणस्तरहीन कार्य तथा भ्रष्टाचार नियन्त्रण गर्न सार्वजनिक खरिद ऐनलाई ३० दिनभित्र संशोधन गर्ने सरकारी कार्यसूची पुरा हुन सकेन ।

रुग्ण आयोजना, ठेक्का तोडिएका परियोजना लगायतको समस्या समाधान गर्न ३० दिनभित्र अध्ययन टोली गठन गर्ने सरकारी प्रतिबद्दता थियो । स्वेदशी तथा वैदेशिक लगानीकर्ताहरूका लागि लगानी बोर्ड अन्तर्गत एक महिनाभित्रै एकद्वार स्विकृत प्रणाली स्थापना गरी सञ्चालनमा ल्याउने भनिएपनि कार्यान्वयन हुन सकेको छैन । लगानी बोर्ड, व्यापार तथा निकासी प्रबर्धन केन्द्र, उद्योग विभाग लगायतका निकायहरूबीच रहेको कार्य जिम्मेवारीको दोहोरोपन अन्त्य गर्न ३० दिनभित्र एकीकृत संरचनाको विस्तृत संगठन तथा व्यवस्थापन सर्भेका लागि तत्काल एक कार्यदल गठन सरकारी प्रतिबद्दता पुरा भएको छैन ।

नीजि क्षेत्र, उद्योग व्यवसाय, बैंक तथा वित्तीय संस्था साना तथा मझौला उद्यम तथा सेवा क्षेत्रको सुरक्षा र संरक्षणका लागि 'प्राइभेट सेक्टर प्रोटेक्सन स्ट्राटेजी' बनाई तत्काल लागु गर्ने भनिएको थियो । तर, सरकारी कार्यसूची अनुसार उक्त कार्यसूची कार्यान्वयनमा आएको छैन । स्वास्थ्य संस्थामा निशुल्क सेवामा रियल टाइम अनुगमनका लागि 'फ्रि हेल्थ पोर्टल' विकास गरी ३० दिनभित्र देशभर लागुगर्ने भनिएपनि कार्यान्वयन भएको छैन । साथै, जलन उपचारका लागि ३० दिनभित्र अधिकांश अस्पतालमा 'वर्न वार्ड' स्थापना प्रक्रिया सुरु सरकारी प्रतिवद्दता लागु भएन । राइड शेयररिङ एपमा एसओसएस बटन अनिवार्य गर्ने योजना लागु हुन सकेको छैन ।

प्रत्येक जिल्लामा सार्वजनिक नीजि साझेदारीमा चिस्यान केन्द्र स्थापना गर्न १० दिनभित्रमा सम्भाव्यता अध्ययन गर्ने सरकारी प्रतिबद्दता थियो । राजमार्गका रणनैतिक क्षेत्रहरूमा अध्ययन गरेर तौल पुल ४५ दिनभित्र राख्ने सरकारको कामको सूची बनेको थियो । व्यवसाय दर्ता, कर दर्ता, बैंक खाता तथा अन्य आवश्यक अनुमति लिनुपर्ने विषयलाई एकीकृत गरी ४५ दिनभित्र 'वान डोर विजनेस प्लाटफर्म' मार्फत सेवा उपलब्ध गराउने प्रतिबद्धता पुरा हुन सकेको छैन ।

कम्पनी रजिष्ट्रार कार्यालय, उद्योग विभाग र वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागमा रहेका उद्योग व्यवसायसँग सम्बन्धित विवरणहरु स्वचालित रुपमा आदान प्रदान हुने प्रणाली दुई महिनाभित्र विकास गर्ने सरकारी कार्यसूची थियो । अड्डा, अदालत तथा सरकारी निकायमा रहेको ठूलो धरौटी रकम निष्क्रिय भई विकास निर्माणमा उपयोग हुन नसकेको समस्या समाधान गर्न ६० दिनभित्र त्यस्तो रकम परिचालन गर्ने कानुनी आधार तयार गर्ने भनिएपनि यो बीचमा कानुन बन्न सकेको छैन ।

*(स्रोत: अनलाइनखबर)*

# रानीखोलामा सुरक्षा निकायको संयुक्त पूर्वअभ्यास



साझाकुरा संवाददाता

हेटौँडा, १४ जेठ/ मनसुनजन्य विपद्का समयमा पहिरोमा परेका नागरिकको उद्धार कसरी गर्ने भन्ने विषयमा मकवानपुरको भीमफेदी गाउँपालिका-४ रानी खोलामा सुरक्षा निकायले संयुक्त पूर्वअभ्यास गरेका छन् ।

'अभ्यास मनसुन-६' अन्तर्गत् नेपाली सेनाको नेतृत्वमा विपद् प्रतिकार्य तथा व्यवस्थापन अन्तर्गत् पहिरोसम्बन्धी डेमोस्ट्रेसन गरिएको हो । काल्पनिक पहिरोको कथावस्तु तयार गरी खोज तथा उद्धार, प्राथमिक उपचार र आपतकालीन स्वास्थ्य सेवासम्बन्धी अभ्यास गरिएको थियो ।

सुपारिटारस्थित श्री गोरखबहादुर गणको नेतृत्वमा नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, नेपाल रेडक्रस सोसाइटी तथा जिल्ला जनस्वास्थ्य कार्यालयको संयुक्त टोलीले अभ्यास सञ्चालन गरेको थियो । उद्धार टोलीले भीर तथा कठिन भूगोलमा प्रयोग गरिने न्यापलिङ तथा हाईल्याण्ड रेस्क्यु सामग्री र स्थानीय स्रोत सामग्रीहरुलाई प्रयोग गरी बनाइएका रोप तथा वाटर रेस्क्यूका सामग्रीसमेत प्रदर्शन गरी व्यवहारिकरुपमा प्रयोग गरेर देखाइएको थियो ।

विपद्का घटना जहाँ जुनसुकै समयमा हुनसक्ने भएकाले पूर्वतयारी स्वरूप कृत्रिम अभ्यास सञ्चालन गरिएको गोरखबहादुर गणका गणपति रविन्द्र श्रेष्ठले बताएका छन् । मकवानपुरमा पहिरोको जोखिम बढी रहेकाले मानवीय तथा भौतिक क्षति न्यूनीकरणका लागि अभ्यास उपयोगी हुने उहाँको भनाइ छ । मनसुनका समयमा हुनसक्ने प्राकृतिक विपद्का घटनामा सुरक्षा निकाय तथा सरोकारवालाबीच समन्वय र तयारीलाई थप प्रभावकारी बनाउने उद्देश्यले अभ्यास गरिएको आयोजकले जनाएको छ । कार्यक्रममा प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारी, वडा अध्यक्ष सागर पाण्डे, सशस्त्र प्रहरी उपरीक्षक नबिन खड्कालगायत रेडक्रसकर्मी, जनस्वास्थ्य कार्यालयका प्रतिनिधि, सञ्चारकर्मी, शिक्षक, विद्यार्थी तथा स्थानीयबासीहरुको सहभागिता थियो ।

# बृहत् शैक्षिक महोत्सव-२०८३ सम्पन्न

साझाकुरा संवाददाता



हेटौँडा, १४ जेठ/ हेटौँडा उपमहानगरपालिका-४ नं. वडा कार्यालयको आयोजना तथा शैक्षिक गुणस्तर सुधार समिति हेटौँडा-४ को व्यवस्थापनमा आयोजित 'बृहत् शैक्षिक महोत्सव-२०८३' विहीबार सम्पन्न भएको छ ।

'प्रविधिमैत्री गुणस्तरीय शिक्षाका लागि लगानी अभिवृद्धि गरौँ' भन्ने मूल उद्देश्यसहित आयोजित महोत्सव उत्साहपूर्ण वातावरणमा सम्पन्न भएको हो ।

महोत्सवमा हेटौँडा उपमहानगरपालिका क्षेत्रभित्रका ३६ भन्दा बढी विद्यालयको सहभागिता थियो । कार्यक्रममा शिक्षक, विद्यार्थी, अभिभावक तथा शिक्षाप्रेमीहरूको उपस्थिति रहेको आयोजकले जनाएको छ । महोत्सवअन्तर्गत् विज्ञान प्रदर्शनी, चित्रकला तथा नृत्य प्रतियोगिता सञ्चालन गरिएको थियो ।

नगरस्तरीय विज्ञान सामग्री प्रदर्शनी प्रतियोगितामा आधुनिक राष्ट्रिय मावि प्रथम भएको छ । प्रथम स्थान हासिल गर्दै आधुनिकले ३० हजार रुपैयाँ पुरस्कार प्राप्त गरेको छ । यस्तै, प्रदर्शनी प्रतियोगितामा बालजागृति इंग्लिस सेकेण्डरी स्कूल द्वितीय हुँदै २० हजार रुपैयाँ प्राप्त गरेको छ । प्रतियोगितामा नवोदय शिशु सदन तृतीय हुँदै १० हजार र जनज्योति मावि सान्त्वना हुँदै ५ हजार रुपैयाँ प्राप्त गरेको छ । विज्ञान सामग्री प्रदर्शनीमा विद्यार्थीहरुले विज्ञानको सिद्धान्त तथा सामग्रीहरु प्रयोग गरी वातावरण सुरक्षा, उद्योग तथा विभिन्न परियोजना गर्न सकिने उदाहरणहरु प्रस्तुत गरेका थिए ।

यस्तै, चित्रकला प्रतियोगितामा ज्ञानदीप शिक्षा निकेतनकी आरोही राई प्रथम भइन् । राईले २० हजार रुपैयाँ प्राप्त गरिन् । भुटनदेवी माविका बसन्त साह द्वितीयहुँदै १५ हजार रुपैयाँ प्राप्त गरे । बालजागृति इंग्लिस सेकेण्डरी स्कूलका सुमित साह तृतीय हुँदै १० हजार रुपैयाँ प्राप्त गरे । चित्रकलामा सान्त्वना हुँदै सोलिड्यारिटी इन्टरनेसनल एकेडेमीका एन्जल तामाङले ५ हजार रुपैयाँ प्राप्त गरेका छन् । २० वर्षपछिको हेटौँडा कस्तो हुनेछ भन्ने परिवेशमा अनुमान गर्दै विद्यार्थीहरुले चित्र बनाएका थिए ।

नृत्य प्रतियोगितामा ब्रह्मदिक एकेडेमी प्रथम, सोलिड्यारीटी इन्टरनेसनल एकेडेमी द्वितीय, बालजागृति इंग्लिस सेकेण्डरी स्कूल तृतीय, सत्यम् जेभियर्स स्कूल सान्त्वना भए । प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुनेले क्रमश: २०, १५, १० र ५ हजार रुपैयाँ नगदसहित ट्रफी र प्रमाणपत्र प्राप्त गरेका छन् । नृत्य प्रतियोगितामा विद्यार्थीले नेपाली संस्कृति तथा पहिरन झल्कने नृत्य तथा विभिन्न जनजातिको नृत्य प्रस्तुत गरेका थिए ।

विज्ञान प्रदर्शनी कार्यक्रमको उद्घाटन बागमती प्रदेश सरकारका प्रथम मुख्यमन्त्री डोरमणि पौडेल, नृत्य प्रतियोगिता हेटौँडा उपमहानगरपालिकाकी नगर प्रमुख मिना कुमारी लामा र समापन तथा पुरस्कार वितरण कार्यक्रममा बागमती प्रदेशसभा सदस्य एकालाल श्रेष्ठले उद्घाटन गरेका थिए । महोत्सवमार्फत् विद्यालयस्तरमा रहेका प्रतिभा, सिर्जनशीलता तथा वैज्ञानिक सोचको विकासमा टेवा पुगेको ४ नं. वडा अध्यक्ष नविन सिग्देलले बताए ।

# सहकारी समस्याको जड निकम्मा सरकारी अड्डा, डेढ दर्जन कर्मचारीलाई कारबाही सिफारिस

काठमाडौं/सरकारले सहकारीका बेथिति जाँचबुझ गर्न गठन गरेको आयोगले सरकारी संयन्त्रले तोकिएको काम नगर्दा समस्या आएको निष्कर्ष निकालेको छ । आयोगले सरकारी संयन्त्रमा बसेर कानुन विपरीत काम गरी सहकारी समस्या जटिल बनाउन भूमिका खेलेको पाएपछि सहकारी विभागका रजिस्ट्रार सहित १९ कर्मचारीलाई दोषी देखाएको छ । सहकारी संस्थाका नियामक धेरै, तर कुनै निकायले पनि काम नगर्दा सहकारी सञ्चालकले बचतकर्ताको रकम अपचलन गरेको आयोगको ठहर छ ।

आयोगले काम नगरी राज्य संयन्त्रमा बसेर उल्टै समस्या बल्झाउन कानुन विपरीत काम गर्ने १९ राष्ट्र सेवकलाई कारबाही गर्न सरकारलाई सुझाएको हो । आयोगले कारबाही सिफारिस गरेका व्यक्तिमा सहकारी विभागका पूर्व रजिस्ट्रार टोकराज पाण्डे, रुद्रप्रसाद पण्डित, लिलाप्रसाद शर्मा, गोकुलप्रसाद बोहोरा, झलमराम अधिकारी, कामु रजिस्ट्रार शंकरराज जोशी, उपरजिस्ट्रार खिमानन्द आचार्य, शशिकुमार लम्सालमाथि विस्तृत अनुसन्धान गरी उपयुक्त कारबाही गर्न सरकारलाई सिफारिस गरेको छ । त्यसैगरी अन्य कर्मचारीहरू रघुवंश कँडेल, विनोद कुमार पौडेल, सन्देशप्रसाद जोशी, मेनुका घिमिरे, सुरेन्द्रराज पौडेल, खोमराज विष्ट, केशवबहादुर थापा, राजेन्द्र नेपाल, बासुदेव भट्टराई, निरोज घिमिरे र टोलराज उपाध्याय माथि विस्तृत अनुसन्धान गरी कारबाही गर्न सिफारिस गरेको छ ।

उल्लेखित व्यक्तिहरू सेवा केन्द्र खोल्न तथा मर्जरको तथा डिमर्जरको अनुमति दिन सहभागी भएका सरकारी अधिकारी हुन् । जिल्ला सहकारी कार्यालय, डिभिजन सहकारी कार्यालय एवं सहकारी विभाग लगायत नियामक निकायमा रहेका पदाधिकारी तथा सहकारीमा संलग्न अभियन्ताहरूले नै सहकारी सिद्धान्त र व्यवसायको दुरुपयोग गरेको आयोगको निष्कर्ष छ ।

उनीहरूले सहकारी संस्था सुरु दर्ता गर्दा नै सम्भाव्यता, आवश्यकता, वित्तीय क्षमता तथा पूर्वाधार तयारीको कुनै पनि विश्लेषण नै नगरी देशभरि कार्यक्षेत्रको स्वीकृति दिएको, संस्थाको कार्यक्षेत्र विस्तार तथा सेवा केन्द्र एवं शाखा कार्यालय खोल्न पनि हचुवा भरमा नियामक निकायबाट स्वीकृति दिएको ठहर आयोगको छ ।

सहकारी सञ्चालकहरुले सहकारीलाई ठगी खाने व्यवसायका रूपमा लिइएको आयोगको ठहर छ । सहकारी ऐन २०७४ तथा नियमावली २०७५ जारी भएपछि पनि नियामक निकायमा रहेका पदाधिकारीहरू (जस्तै : सहकारीमा संलग्न कर्मचारी, सहकारी अधिकृत, उपरजिस्ट्रार, रजिस्ट्रार लगायत) तथा प्रदेश एवं स्थानीय तहले बहुउद्देश्यीय तथा विविध नाम राखी ऐनको भावना तथा सहकारीका मान्य सिद्धान्त विपरीत संस्था दर्ता गर्ने, कार्यक्षेत्र विस्तार गर्ने, सेवा केन्द्र तथा शाखा कार्यालय खोल्न, स्वीकृति दिने कार्य गरेको आयोगको ठहर छ ।

'नियामक संरचनामा संघ, प्रदेश र स्थानीय तहबीच स्पष्ट अधिकार विभाजन र समन्वय अभाव, बहुनियामक निकायहरूको संलग्नताले नियामक अस्पष्टता सिर्जना गरेको छ,' आयोगको निष्कर्ष छ, 'अनुगमन, निरीक्षण तथा सुपरिवेक्षण प्रणाली प्रभावकारी हुन सकेको छैन, सहकारी विभाग तथा सम्बन्धित निकायहरूमा फाइल व्यवस्थापन, तथ्यांक व्यवस्थापन तथा संस्थागत क्षमतामा कमजोरी रहेको पाइयो ।'

सहकारी संस्थाहरूको दर्ता, कार्यक्षेत्र विस्तार र संस्थाहरूको एकीकरण क्रममा कानुनको आशयको अवमूल्यन र सहकारी सिद्धान्तहरूको प्रत्यक्ष अस्वीकृतिका प्रवृत्ति देखिएको आयोगले औंल्याएको छ । सूचना प्रणालीका सन्दर्भमा कोपोमिस जस्तो प्रणाली सञ्चालनमा रहे तापनि यसबाट प्राप्त तथ्यांक अपूर्ण, अद्यावधिक नभएका तथा अविश्वसनीय रहेको आयोगको ठहर छ । कोपोमिसलाइ विश्वास गर्न नसक्दा नीति निर्माण तथा नियमन कार्यमा अपेक्षित योगदान हुन नसकेको आयोगले जनाएको छ ।

एकीकृत, विश्वसनीय तथा रियल टाइम सूचना प्रणाली अभावले समस्याग्रस्त सहकारीहरूको समयमै पहिचान र नियन्त्रण गर्न कठिन भएको आयोगले औंल्याएको छ । सञ्चालक तथा पदाधिकारीहरूबाट संस्थाको स्रोत दुरुपयोग, एकल व्यक्तिमा अत्यधिक ऋण प्रवाह, एउटै संस्थाको दुई थरी लेखा विवरण, ऋण हानि कोषको अपर्याप्तता तथा पारदर्शिता अभावजस्ता गम्भीर वित्तीय अनियमितता आयोगले पहिचान गरेको छ ।

त्यसैगरी तोकिएको कार्यक्षेत्र भन्दा बाहिर गई कारोबार गर्ने, अस्वस्थ्य प्रतिस्पर्धा गर्दै बचत संकलन गर्ने र अनुत्पादक क्षेत्रमा लगानी गर्ने प्रवृत्तिले संस्थागत जोखिम बढाएको आयोगको निष्कर्ष छ । त्यसैगरी आयोगले समस्या देखिएका सहकारीलाई तत्काल व्यवस्थापन हस्तक्षेप गर्न सरकारलाई सुझाएको छ । सहकारी संस्थाको दर्ता तथा सेवा केन्द्र खोल्न बन्द गर्नुपर्ने तथा १० करोडसम्मको कारोबार गर्ने सहकारीलाई एकीकरण गर्ने नीति कार्यान्वयन गर्न सरकारलाई सुझाएको छ ।

त्यस्तै बचत दुरुपयोगमा कडा दण्ड, जोखिमका आधारमा सुपरिवेक्षण, डिजिटल लेखा अनिवार्य, सञ्चालकको कार्यकाल सीमा तथा नियामकीय हस्तक्षेप गर्ने काम गरेको खण्डमा सहकारीमा सुधार आउने आयोगको निष्कर्ष छ ।

**वर्गीकरण गरी नियमन गर्न सिफारिस**

आयोगले सरकारलाई सहकारीको वर्गीकरण गरेर नियमन गर्न सुझाएको छ । आयोगका अनुसार ठूला सहकारी संस्थालाई पहिलो चरणमा नियामक दायराभित्र समावेश गरी सानालाई क्रमश: समावेश गर्दै जान उपयुक्त हुने सुझाव दिएको छ ।

साना सहकारीहरूमा संस्थागत सुशासन कायम राखी व्यवस्थित रूपमा सञ्चालन गर्न नियमित प्रगति प्रतिवेदन प्रकाशन, सञ्चालक तथा कर्मचारीहरूको योग्यता जाँच, प्रभावकारी व्यवस्थापन सूचना प्रणाली र वित्तीय विवरण आवधिक रूपमा संकलन तथा विश्लेषण गर्नेजस्ता कार्य गर्न सरकारलाई सुझाएको हो ।

नियमनका लागि सहकारीहरूलाई ठूला सहकारी, मझौला सहकारी र साना सहकारी गरी तीन भागमा विभाजन गरी कानुनी व्यवस्था गर्न उपयुक्त हुने आयोगले जनाएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# रास्वपा थाहा नगर सभापतिमा केसी

साझाकुरा संवाददाता

हेटौँडा, १४ जेठ/ राष्ट्रिय स्वतन्त्र पार्टीको प्रथम थाहा नगर अधिवेशन सम्पन्न भएको छ । अधिवेशनले पुन: जयराम केसीको सभापतित्वमा नयाँ नगर कार्यसमिति चयन गरेको छ ।

थाहा नगरपालिका-४ मा सम्पन्न अधिवेशन नगर सभापति केसीको अध्यक्षता तथा डाक्टर अच्युत लामिछानेको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो ।

अधिवेशनबाट समितिको उपसभापतिमा साकार कार्की, सचिवमा रामशरण गोपाली तथा सहसचिवमा राजन बिडारी चयन भएका छन् । सदस्यहरूमा शुक्रराज गोपाली, बुनुमाया थिङ, सानुमैया अधिकारी, विजयकुमार थिङ, माईला गुरुङ, सुवास केसी तथा कपिल थापा चयन भएका छन् ।

त्यस्तै, सल्लाहकारमा दीपक नेपाली र विकेशबाबु बस्नेत चयन हुँदा ऱ्याट संयोजकमा सुमन बिष्ट चयन भएका छन् । कार्यक्रममा सांसद्हरु खगेन्द्र सुनार, आशिष गजुरेल, प्रशान्त उप्रेती, प्रकाश गौतम, धनेन्द्र कार्की तथा रमेश कार्कीको विशेष आतिथ्यता थियो ।

त्यसैगरी, कार्यक्रममा प्रदेश सदस्य बिनयराज कार्की, सुनिता राई, मकवानपुर जिल्ला सचिव सन्जीव पाठक, सहसचिव शान्ती थापा लगायतको उपस्थिति थियो । अधिवेशनमा वक्ताहरूले थाहा नगरमा वैकल्पिक राजनीतिक शक्तिका रूपमा रास्वपाको संगठन विस्तार, सुशासन, पारदर्शिता तथा जनउत्तरदायी राजनीतिक अभियानलाई थप प्रभावकारीरूपमा अगाडि बढाउन शुभकामना व्यक्त गरेका थिए ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# बागमतीमा युवालाई सस्तो ऋणदेखि नर्सिङ शिक्षा बिस्तारसम्म: स्वास्थ्यमन्त्री थापा

साझाकुरा संवाददाता

हेटौँडा, १४ जेठ/ बागमती प्रदेश सरकारले आगामी आर्थिक वर्षको बजेटलाई युवामैत्री बनाउने तयारी गरेको छ । बागमती प्रदेश सरकारका स्वास्थ्य मन्त्री किरण थापाले युवालाई सीपमूलक तालिम, स्वरोजगार प्रबर्द्धन तथा प्रविधिमैत्री स्वास्थ्य सेवामार्फत् आत्मनिर्भर बनाउने उद्देश्यका साथ बजेट निर्माण भइरहेको बताएका छन् ।

भक्तपुरमा आयोजित 'ग्रान्ड ब्यूटी एक्स्पो' उद्घाटन कार्यक्रममा बोल्दै मन्त्री थापाले स्वरोजगारमूलक व्यवसाय सञ्चालन गर्न चाहने युवालाई सहुलियतपूर्ण ऋण उपलब्ध गराउने नीति बजेटमै समेट्ने तयारी गरिएको जानकारी दिएका छन् । उनका अनुसार युवाले शैक्षिक प्रमाणपत्र वा सीपमूलक तालिमको प्रमाणपत्र पेश गरी न्यूनतम १५ लाख रुपैयाँसम्म सस्तो ब्याजदरमा ऋण प्राप्त गर्न सक्ने व्यवस्था गरिनेछ ।

'युवालाई विदेशिन बाध्य पार्ने होइन, आफ्नै ठाउँमा उद्यम र रोजगारी सिर्जना गर्ने वातावरण बनाउन प्रदेश सरकार प्रतिबद्ध छ', मन्त्री थापाले भने, 'बागमती प्रदेश सरकारले स्वास्थ्य क्षेत्रलाई समेत प्रविधिमैत्री बनाउँदै लगेको छ ।'



उनले प्रदेशका अस्पतालहरूमा 'पेपरलेस सेवा' विस्तार भइरहेको जानकारी दिएका छन् । हाल सिन्धुली अस्पताल, चौतारा अस्पताल, धादिङ अस्पताल र बकुलहर अस्पतालमा परीक्षणका रूपमा सुरु गरिएको पेपरलेस प्रणाली आगामी आर्थिक वर्षदेखि प्रदेशका सबै १३ वटा अस्पतालमा विस्तार गरिने उनको भनाइ छ ।

पेपरलेस प्रणाली लागू भएपछि बिरामीको विवरण, रिपोर्ट तथा स्वास्थ्यसम्बन्धी अभिलेख सुरक्षित रहने र आवश्यक परेको समयमा सहजरूपमा प्राप्त गर्न सकिने मन्त्री थापाले स्पष्ट पारेका छन् । यसले सेवा प्रवाहलाई छिटो, पारदर्शी र प्रभावकारी बनाउन सहयोग पुग्ने उनले बताए ।

स्वास्थ्य मन्त्री थापाले प्रदेश सरकारले स्वास्थ्य जनशक्ति उत्पादनलाई समेत प्राथमिकतामा राखेको जानकारी दिए । उनका अनुसार भक्तपुर अस्पताल, धादिङ अस्पताल, नुवाकोट अस्पताल, सिन्धुली अस्पताल तथा बकुलहर अस्पतालमा प्रदेश सरकारकै पहलमा नर्सिङ शिक्षाको पठनपाठन सञ्चालन गर्ने तयारी भइरहेको छ । प्राविधिक तथा व्यावसायिक शिक्षालाई प्रदेश सरकारले विशेष प्राथमिकतामा राखेको मन्त्री थापाले बताए ।

युथ इको नेपालको आयोजनामा सञ्चालन भइरहेको 'ग्रान्ड ब्यूटी एक्स्पो' मा देशभरबाट करिब दुई हजार जना सौन्दर्य तथा साजसज्जा क्षेत्रसँग आबद्ध व्यवसायी, कलाकार, प्रशिक्षक तथा यस क्षेत्रमा रुचि राख्ने व्यक्तिहरूको सहभागिता रहेको आयोजक संस्थाका संरक्षक नरेश रञ्जितले जानकारी दिए ।

एक्स्पोको प्रमुख आकर्षणका रूपमा भारतका चर्चित हेयर आर्टिस्ट जावेद हबिबद्वारा विशेष प्रशिक्षण सञ्चालन भइरहेको छ । त्यसैगरी सौन्दर्य तथा श्रृङ्गार क्षेत्रका चर्चित प्रशिक्षक म्याक अब्राहम, रोहित तिवारी तथा नेपालका लोकप्रिय कलाकार चिरागबाट समेत विभिन्न सौन्दर्यसम्बन्धी कक्षा सञ्चालन भइरहेको आयोजकले जनाएको छ ।

कार्यक्रममा संविधान सभा सदस्य दामा शर्मा, बागमती प्रदेश सभाकी पूर्वसदस्य प्रतिमा श्रेष्ठ, जिल्ला प्रहरी परिसर थिमीका प्रमुख निशान थापा, 'राष्ट्रका लागि दुई घण्टा' अभियानका अध्यक्ष मधु ढुंगेल, समाजसेवी श्रीभक्त काशिछवा तथा युवा व्यवसायी राजु कुटु लगायतले अन्तर्राष्ट्रियस्तरको सीप सिकाइ तथा व्यावसायिक क्षमता अभिवृद्धिमा यस्ता कार्यक्रम प्रभावकारी हुने विश्वास व्यक्त गरे । आयोजक संस्था युथ इको नेपालका अध्यक्ष आकाश गजुरेलका अनुसार प्रशिक्षण कार्यक्रम बुधबार र विहीबार दुई दिन सञ्चालन भएको हो ।

# 'बकर इदले सामाजिक सद्भाव र राष्ट्रिय एकता मजबुत बनाउँछ'

साझाकुरा संवाददाता



हेटौँडा, १४ जेठ/ बागमती प्रदेश प्रमुख दीपकप्रसाद देवकोटा र मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले बकर इद (इद-उल-अज्हा) पर्वले नेपाली समाजमा सामाजिक एकता, सद्भाव र भ्रातृत्वको भावना अभिवृद्धि गर्ने विश्वास व्यक्त गरेका छन् ।

बकर इद पर्वका अवसरमा शुभकामना सन्देश जारी गर्दै प्रदेश प्रमुख देवकोटाले हरेक चाडपर्वको आफ्नै ऐतिहासिक तथा विशिष्ट महत्व हुने उल्लेख गरे । उनले आपसी सद्भावको प्रतीकका रूपमा मनाइने बकर इदले नेपाली समाजमा सामाजिक एकता कायम राख्दै राष्ट्रिय एकता तथा समुन्नत र समृद्ध नेपाल निर्माण गर्ने अभियानमा प्रेरणा दिने बताएका छन् ।

प्रदेश प्रमुख देवकोटाले हजरत इब्राहिमको त्याग, बलिदान र अल्लाहप्रतिको समर्पणको सम्झनामा मनाइने यस पर्वले आपसी सहयोग, सद्भाव र भ्रातृत्वको भावना प्रगाढ बनाउन महत्वपूर्ण भूमिका खेल्दै आएको उल्लेख गरे । 'हाम्रो बहुसाँस्कृतिक, बहुभाषिक तथा बहुधार्मिक विशेषता बोकेको समाजमा यस्ता साँस्कृतिक चाडपर्वहरूले राष्ट्रिय एकता र सामाजिक सद्भावलाई अझ मजबुत बनाउन मद्दत गर्छन्', उनले भने ।

बहुसाँस्कृतिक विशेषतायुक्त नेपाली समाजमा बकर इदलगायत पर्व कुनै एक समुदायमा सीमित नभई राष्ट्रिय पर्वका रूपमा स्थापित भएको धारणा व्यक्त गर्दै उनले पर्वले सबै नेपालीबीच एकता, सहिष्णुता र मेलमिलाप कायम गरी समृद्ध समाज निर्माणमा प्रेरणा प्रदान गरोस् भन्ने शुभकामना व्यक्त गरे । उनले बागमती प्रदेशसहित स्वदेश तथा विदेशमा रहेका सम्पूर्ण नेपाली मुस्लिम समुदायमा शुभकामना व्यक्त गरेका छन् ।

यस्तै, मुख्यमन्त्री बानियाँले प्रदेश सरकार नागरिकको हकहित संरक्षण गर्दै प्रदेशको सर्वाङ्गीण विकासमा निरन्तर क्रियाशील रहेको बताएका छन् । बकर इद पर्वका अवसरमा शुभकामना व्यक्त गर्दै उनले सबै नेपालीबीच आपसी एकता, भ्रातृत्व, सद्भाव र सहयोगको भावना अभिवृद्धि भई समृद्ध, न्यायपूर्ण तथा सुशासित समाज निर्माणमा सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

मुख्यमन्त्री बानियाँले नेपाल बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक तथा बहुधार्मिक विशेषताले भरिएको सुन्दर देश भएको उल्लेख गर्दै विविधताबीचको एकता र आपसी सद्भाव नै नेपालको राष्ट्रिय पहिचान र गौरब रहेको बताए । 'त्याग, बलिदान र आपसी भ्रातृत्वको प्रतीकका रूपमा मनाइने बकर इदजस्ता पर्वहरूले हाम्रो समाजलाई एकताको सूत्रमा बाँध्न तथा धार्मिक सहिष्णुतालाई अझ प्रगाढ बनाउन महत्वपूर्ण योगदान पुऱ्याउँदै आएका छन्', उनले भने ।

मुख्यमन्त्री बानियाँले वर्तमान प्रदेश सरकारको मूल सङ्कल्प जनमुखी, गरिबमुखी, सेवामुखी, न्यायमुखी, आयमुखी तथा विकासमुखी सिद्धान्तमा आधारित रहेको स्पष्ट पार्दै न्यायपूर्ण, समतामूलक र समृद्ध समाज निर्माणका लागि विपन्न तथा पिछडिएका वर्गको आयआर्जन र सेवा प्रवाहमा विशेष ध्यान केन्द्रित गरिएको बताए । मुख्यमन्त्री बानियाँले बकर इद पर्वले प्रदेश सरकारको विकास र समृद्धिको यात्रामा सम्पूर्ण नागरिकलाई गोलबद्ध गर्दै थप ऊर्जा र प्रेरणा प्रदान गर्ने विश्वास व्यक्त गरे ।

# खुल्ला दौड प्रतियोगितामा दिनेश प्रथम



साझाकुरा संवाददाता

हेटौँडा, १४ जेठ/१९ औँ गणतन्त्र दिवसको अवसरमा आयोजित खुल्ला दौड प्रतियोगितामा दिनेश कुमार यादव प्रथम भएका छन् ।

मकवानपुर जिल्ला खेलकुद विकास समितिको आयोजनामा विहीबार विहान भएको ५ किलोमिटर दौड प्रतियोगितामा रूपन्देही जिल्लाका यादव प्रथम भएका हुन् । प्रथम भएका यादवले ३० हजार रुपैयाँ पुरस्कार प्राप्त गरेका छन् ।

यादवले १४ मिनेट ३६ सेकेन्डमा दौड पूरा गर्दै उपाधि जितेका हुन् । यस्तै, १४ मिनेट ५६ सेकेन्डमा दौड पूरा गरेका कपिलवस्तु जिल्लाका अजय पाण्डे क्षेत्री द्वितीय र १५ मिनेट ३४ सेकेन्डमा पूरा गरेका नुवाकोट जिल्लाका आनन्द योगी तृतीय भएका छन् ।

प्रतियोगितामा द्वितीय र तृतीय हुनेले क्रमश: २० हजार र १० हजार रुपैयाँ नगदसहित शिल्ड र प्रमाणपत्र प्राप्त गरेका छन् । प्रतियोगितामा ६८ जना खेलाडीले भाग लिएका थिए । बागमती प्रदेश सरकार युवा तथा खेलकुद मन्त्रालयकी सचिव गीताकुमारी हुमागाईंले विजेता खेलाडीलाई पुरस्कृत गरिन् ।

# रोयल पार्टी प्यालेसमा आगलागी

साझाकुरा संवाददाता

हेटौँडा, १४ जेठ/ हेटौँडा उपमहानगरपालिका-४ भुटनदेवी मोडस्थित रोयल पार्टी प्यालेसमा आगलागी भएको छ । आगलागीबाट करिब २० लाख रुपियाँ बराबरको क्षति भएको जनाइएको छ ।


शेरबहादुर पहरीद्वारा सञ्चालित पार्टी प्यालेसको सभाहलको स्टेजमा करेन्ट सर्ट भई दिउँसो करिब साढे १२ बजे आगलागी भएको हो । आगलागी भएको खबर प्राप्त हुनासाथ बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाबाट दुई जना तथा जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट प्रहरी सहायक निरीक्षकको कमाण्डमा पाँच जनाको टोली घटनास्थल पुगेको थियो ।

स्थानीयबासी र हेटौँडा उपमहानगरपालिकाको दमकलको सहयोगमा आगो पौने १ बजे पूर्णरूपमा नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । आगलागीबाट हलको स्टेजमा रहेको जिप्सन, एक थान बत्ती, इलेक्ट्रोनिक तार, जस्ता तथा स्टेजका बोर्डलगायतका सामग्री जलेर नष्ट भएका छन् । घटनामा कुनै मानवीय क्षति नभएको प्रहरीले जनाएको छ ।

शर्मिला राना ९८४१९९९४८७
कल्पना न्यौपाने ९७६७७६४४४७
उषा अधिकारी ९८४५१२५९०८
स्वर्गद्वारी महिला पञ्चेबाजा समूह
हेटौंडा-१, मकवानपुर
हाम्रो सेवा: विवाह, ब्रतवन्ध, पार्टी, विभिन्न कार्यक्रम, सप्ताह एवम् अन्य शुभकार्यको लागि स्तरीय पञ्चेबाजाको लागि सम्पर्क राख्नुहोस् ।

श्री निर्मल माध्यमिक विद्यालय
हेटौंडा-१९, बस्तिपुर
ADMISSION OPEN Class-11
कक्षा-११ मा भर्ना खुल्यो
शिक्षा, कम्प्युटर साइन्स, व्यवस्थापन, मानविकी, कानुन
सम्पर्क:९८५५०३०८८७,९८५५०६७७९९, ९८४५०७१७८८,९८४५०७१६५८

आकर्षक घडेरी बिक्रीमा
हेटौंडा वडा नं. १ स्वर्गलोक, हेटौंडा मोडल अस्पताल पछाडि




सम्पर्क:
९८५१०८९६३४ (मुकुन्द कार्की)
९८४४५०५३४९ (श्री लामा)

"सफा ट्यांकी, स्वस्थ जिन्दगी"
तपाईको पानी ट्यांकी कत्तिको सुरक्षित छ ?
कहिले याद गर्नु भएको छ ? बाहिरबाट स्वस्थ र सफा देखिए पनि ट्यांकी भित्र धुलो, हिलो, लेउ र किटाणुको भण्डार भई दुषित त छैन ?
याद गर्नुहोस् है
हामीले दुषित पानीबाट ब्रस वा मुख धुने, नुहाउने, खाना पकाउने, पिउने जस्ता कार्यहरु गरिरहेका छौं भने, प्राय रोगहरु दुक्षित पानीका कारण स्वास्थ्यमा धेरै समस्य देखा पर्न सक्दछ ।
- डायरिया
- कालो झाडा
- टाइफाइट
- हेपाटाइटिस ए
- स्किन यन्फेक्सन,

साथै अन्य जलजन्य रोगहरु लाग्न सक्दछ ।



अब तपाईको घरदैलोमा सस्तो र भरपर्दा सफाई सेवा लिएर आएका छौ, अत्याधुनिक प्रविधि उपकरणबाट सफाई गर्छौं । अब ढिला नगरौं आजै आफ्नो ट्यांकी सफा गरी आफ्नो र परिवारको स्वास्थ्य जोगाउनुहोस् ।
छत/भूमिगत पानी ट्यांकी सफाई सेवा
थप जानकारीको लागि
इनर्जेटिक सर्भिसिज प्रा.लि.
९८२७२८३०३०, ९७६१७१९६९९, ९८५५०६७१११

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौँडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना